# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, साउन ५ गते २०४९ साल (संख्या १५

## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

**नारायणी उप-क्षेत्रीय (सव रिजनल) अस्पताल विकास समिति (गठन) आदेश, २०४९**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "नारायणी उप-क्षेत्रीय (सव रिजनल) अस्पताल विकास समिति (गठन) आदेश, २०४९" रहेको छ ।

(२) यो आदेश २०४८ साल भाद्र ५ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले नारायणी उप-क्षेत्रीय (सव रिजनल) अस्पताल सम्झनु पर्छ ।

३. समितिको गठनः (१) नारायणी उप-क्षेत्रीय (सव रिजनल) अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन् ।

(क) श्री ५ को सरकारबाट मनोनित व्यक्ति —अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी, पर्सा जिल्ला —सदस्य

(ग) सभापति, जिल्ला विकास समिति, पर्सा —सदस्य

(घ) प्रमुख, वीरगञ्ज नगरपालिका —सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री ५ को सरकारद्वारा समाजसेवीहरू मध्येबाट मनोनित बढीमा तीन जना व्यक्ति —सदस्य

(च) श्री ५ को सरकारद्वारा विशेषज्ञ डाक्टरहरूमध्येबाट मनोनित दुई जना —सदस्य

(छ) मेट्रोन, नारायणी उप-क्षेत्रीय (सब रिजनल) अस्पताल —सदस्य

(ज) प्रतिनिधि, उद्योग वाणिज्य संघ, वीरगन्ज —सदस्य

(झ) अध्यक्ष, नेपाल रेडक्रश सोसाइटी, वीरगन्ज —सदस्य

(ञ) मेडिकल सुपरिटेण्डेण्ट, नारायणी उप-क्षेत्रीय (सब रिजनल) अस्पताल —सदस्य-सचिव

(३) मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराइ अस्पतालको चिकित्सास्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाइ अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ :—

(क) अस्पतालको सुप्रबन्ध गर्ने ।

(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

(ग) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

(घ) अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्त गर्ने ।

(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।



200

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) बाल स्वास्थ्य तालीम कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

(छ) बहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

(ज) निशुल्क तथा शुल्क लाग्ने शय्याहरूको संख्या र त्यसको शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पताल सञ्चालनसंग सम्बन्धित विषयमा समितिले सिफारिश गरेका उम्मेदवारहरूलाई उच्च तालीमको निमित्त प्राथमिकता दिन श्री ५ को सरकारलाई सिफारिश गर्ने ।

(ञ) अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ट) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) समितिका एक तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेका अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले आवश्यकतानुसार समितिको बैठक बोलाउन सक्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले छानेका व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(९) कम्तिमा वर्षको तीन पटक समितिको बैठक बस्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट अस्पतालको कर्मचारीको निमित्त तलब भत्ताको लागि प्राप्त रकम।

(ख) श्री ५ को सरकारबाट अस्पताल संचालनको लागि प्राप्त अनुदान रकम।

(ग) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम।

(घ) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम।

(ङ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम।

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(२) श्री ५ को सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा वा कार्यमा खर्च गर्नु पर्नेछ।

(३) समितिको कोषको संचालन समितिले बनाएको नियम बमोजिम हुनेछ।

७. लेखापरीक्षणः (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोमिज राखिने छ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच वा जँचाउन सक्नेछ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः (१) अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारको कर्मचारीले समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाट तलब भत्ता र अन्य सुविधा पाउने छन्।

(२) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्न परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ।

(३) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीहरुको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारबाही तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ।

(४) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे बापत समितिले विशेष भत्ता दिन सक्नेछ।



202

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाइ र विभागीय कारवाही गर्नु परेमा सो कर्मचारी उपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाइ समितिले श्री ५ को सरकार समक्ष सिफारिश पेश गर्नु पर्नेछ ।

(६) अस्पतालमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई अध्ययन बिदा र असाधारण बिदा बाहेक अरू नियमानुसार पाउने बिदा समितिले दिन सक्नेछ ।

९. अधिकार प्रत्यायोजनः समितिले आवश्यकतानुसार आफुलाई प्राप्त अधिकार समितिको कुनै सदस्य, वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य संचालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१२. निर्देशन दिनेः श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. समितिको कार्यालयः समितिको प्रधान कार्यालय नारायणी उप-क्षेत्रीय (सब-रिजनल) अस्पताल बीरगन्जमा रहनेछ ।

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४६।३।१७ को निर्णयानुसार सवारी नियमावली, २०२० को नियम ४४ ले दिएको अधिकार प्रयोग गरी २०४६ साल श्रावण १ गतेदेखि लागू हुने गरी उक्त नियमावलीको अनुसूची–३ मा देहायबमोजिम हेरफेर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क. सं. | विवरण (सवारीको) | निजी | भाडा |
|---|---|---|---|
| १. | १० टन जी.भी.डब्लु. सो भन्दा बढी वजनको ट्रक वा लरी– | ६००।– | १,२००।– |
| २. | २६ सीट वा सो भन्दा बढीको बस आदी– | ५००।– | १,०००।– |
| ३. | १५ देखि २५ सीटसम्मको मिनिबस आदी– | ४००।– | ८००।– |
| ४. | १,३०० सी.सी. र सो भन्दा मुनिका सवारीहरू र टेम्पोहरू– | ३००।– | ६००। |
| ५. | १,३०१ सी.सी. देखि २,००० सी.सी. सम्मका सवारीहरू – | ४००।– | ८००।– |
| ६. | २,००१ सी.सी. देखि ३,००० सी.सी. सम्मका सवारीहरू – | ५००।– | १,०००।– |
| ७. | ३,००१ सी.सी. देखि ५,००० सी.सी. सम्मका सवारीहरू – | ६००।– | १,२००।– |
| ८. | ५,००१ सी.सी. देखि माथिका सवारीहरू – | ८००।– | १,६००।– |
| ९. | २५० सी.सी. र सो भन्दा बढी सी.सी. को मोटरसाईकल – | १४०।– | २८०।– |
| १०. | २५० सी.सी. भन्दा मुनिका मोटरसाईकल – | १००।– | २००।– |
| ११. | ट्याक्टर र पावर टेलरहरू प्रति हर्स पावरको – | ५।– | १०।– |
| १२. | घोडागाडी, रिक्सा, ठेला आदि – | २०।– | ४०।– |

आज्ञाले,

मदनमान अमात्य

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकार (मं. प.) को मिति २०४९।३।१८ को निर्णयानुसार सुनसरी जिल्ला, महेन्द्र गा. वि. स. वडा नं. ८ (क) को जग्गामध्ये तत्कालीन झोरा आयुक्तले वितरण गरिसकेको कि. नं. २८ देखि ३७ सम्मको जग्गा बाहेक अरू जग्गाको सम्बन्धमा झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ तथा झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली, २०२८ बमोजिम पहिलेदेखि नै जोत भोग गरी आएकाहरूलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"वितरण गरी बाँकी हुन आएमा मात्र वर्ष देखि बसोबास गरेका खास सुकुम्बासीहरू-लाई ५ वर्षसम्म बेचबिखन वा हक हस्तान्तरण गर्न नपाउने गरी बिक्री वितरण गर्न झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली, २०२८ को नियम ८ बमोजिम आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गत सुकुम्बासी समस्या समाधान आयोगमा कार्यरत श्री जगतमान आङदम्वेलाई तोकिएको छ।

आज्ञाले,
सूर्यनाथ सुवेदी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा वातावरण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कास्की, लमजुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लाहरूको देहाय बमोजिम ४ किल्ला भित्रको क्षेत्रलाई अन्नपूर्ण संरक्षण क्षेत्र घोषित गरी सोही ऐनको दफा १६ ख. ले दिएको अधिकार प्रयोग गरी उक्त संरक्षण क्षेत्रको व्यवस्थापन दश वर्षसम्मको लागि श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनालाई सञ्चालन गर्न पाउने गरी सुम्पेको छ।

### अन्नपूर्ण संरक्षण क्षेत्रको चार किल्ला:

दक्षिण:

पूर्व सिमानाबाट मर्स्याङदी नदीको दोभान हुँदै घले गाउँको २११७ मिटरको टुप्पासम्म र त्यहाँबाट छाप जाने मूल बाटोको भिडिम खोलासम्म। भिडिम खोला-बाट तामा गाउँ जाने बाटो हुँदै २०४१ मिटरको टुप्पा हुँदै २०२० मिटरको टुप्पा र नलुङ मुनिको खोलालाई समाती रुदी खोलाको दोभानसम्म र सो दोभानबाट रबे डाँडाको टुप्पो हुँदै पार्गु र भाचोक जाने मूल बाटो हुँदै मर्के खोलाको पुल तरी भाचोकसम्म। त्यहाँबाट मूल बाटो समाती पुरानो गाउँ हुँदै भुजुङ खोला पार गरी थुमाको डाँडा हुँदै सेराचोक जाने मूल बाटो हुँदै सेराचोकसम्म। सेराचोक-बाट सिधा तल झरी मर्दी खोलाको पुलसम्म र सो पुलबाट माथि थाकसम्म। थाक गाउँबाट घले गाउँ जाने डाँडाको बाटो हुँदै २७१३ मिटरको टुप्पासम्म। त्यहाँबाट भुर्जु खोला र सेती खोलाको दोभानसम्म। त्यहाँबाट सिधा लाचोक मूल बाटो समाती लाचोकलाई बाहिर पारी मर्दी खोलाको पुल पारी घम्पुस जाने मूल बाटो समाती घम्पुस हुँदै कांडेसम्म। त्यहाँबाट मोटर बाटो हुँदै लुम्लेसम्म र त्यहाँबाट



२०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बीरे ठाँटीको बाटो समाती मोदी खोलाको पुल तरी हिलेसम्म । हिले नजीकको दोभानबाट भुरूङ्दी खोलाको दक्षिण पश्चिम मूल र पुनः हिलेको दक्षिण मोहडा हुँदै सिखाको २८३० मिटरको टुप्पासम्म । त्यहाँबाट डाँडै डाँडा धराम्दी गाउँलाई बाहिर पारी हिस्तान मण्डली पानी ढलो हुँदै काली गण्डकीसम्म ।

**पूर्वः**

नेपाल-चीन अन्तर्राष्ट्रिय सिमानाको हिमलुङ हिमाल ७,१२० मिटरबाट शुरू भई सोही हिमालको ७,०९८ मिटरको उचाई हुँदै नामजुङ हिमाल ७,१४० मिटरसम्म । त्यहाँबाट ६,३४० को उचाइ हुँदै ५,४५० को टुप्पो हुँदै किच्चे हिनदी भएर दूध खोलाको सिरान लार्के भन्ज्याङ जाने मूल बाटो भीमथान मुनिसम्म र त्यहाँबाट दूध खोला हुँदै सुडे, कार्चे, थो, तिल्जे गाउँ हुँदै थोखेसम्म । त्यहाँबाट मर्स्याङ्दी र दूध खोलाको दोभान हुँदै मर्स्याङ्दी नदी समाती खुदी खोला र मर्स्याङ्दी नदीको दोभानसम्म ।

**उत्तरः**

उत्तरी सिमाना पूर्व सिमानाबाट नेपाल-चीन (तिब्बत)को अन्तर्राष्ट्रिय सिमाना हुँदै डोल्पा जिल्लाको सिमानासम्म गरी सम्पूर्ण मस्ताङ जिल्ला ।

**पश्चिमः**

उत्तरी सिमानाबाट काली गण्डकी हुँदै जोमसोम, छेरो गाउँ, छिन गाउँ, सारू, सिरकुङ, ठिटी गाउँ, धायी, ताम्लुङ, घाँस तालवगर, काभ्रे, तोपाङ, तातोपानी हेलखर्क, खिवाङ, गाउँहरू हुँदै हिस्तान मण्डली मुनिको पानी ढलो र काली गण्डकी नदीको दोभानसम्म ।

आज्ञाले,
मन्जुरूल हक
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सेण्ट जेभियर्स क्याम्पस, जावलाखेलले हङकङबाट झिकाएको म्याकिन्टोस कम्प्युटर थान १ (एक) को पैठारीमा लाग्ने भन्सार महसुल र बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४९।३।१५ को निर्णयानुसार वन तथा वातावरण मन्त्रालयका सचिव श्री ववनप्रसाद कायस्थलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा प्रशासन सेवा, विशिष्ट श्रेणीको पदमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४९।३।१५ को निर्णयानुसार निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी वन तथा वातावरण मन्त्रालयका वन सल्लाहकार (रा.प.प्र. प्रा. सह-सचिवस्तर) श्री मन्जुरूल हकलाई सोही मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्र विक्रम शाह कोलम्बोमा सम्पन्न हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थायी समिति र सार्क क्षेत्रीय मन्त्रिपरिषद्का बैठकहरूमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती बिन्देश्वरी शाहलाई मिति २०४९।३।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संसद सचिवालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४६।३।८ को निर्णयानुसार यस सचिवालयका देहायका अधिकृतहरूलाई नेपाल संसद सेवा, राजपत्रांकित प्रथम श्रेणी, सह-सचिव स्तरबाट सोही सेवा र सोही श्रेणीको अतिरिक्त सचिवस्तरमा बढुवा गरी संसद सचिवालयको अतिरिक्त सचिव पदमा पदस्थापन गरिएको छ।

| क्र.सं. | पद | नाम, थर | बढुवा भएको पद |
|---|---|---|---|
| १. | सह-सचिव | श्री आनन्दवल्लभ जोशी | अतिरिक्त सचिव |
| २. | सह-सचिव | श्री इन्द्रगोविन्द वैद्य | अतिरिक्त सचिव |

### सूचना २

श्री ५ को सरकारको मिति २०४६।३।८ को निर्णयानुसार मिति २०४८।११।१८ देखि जेष्ठता गणना हुने गरी यस सचिवालयका देहायका अधिकृतहरूलाई नेपाल संसद सेवा, राजपत्रांकित द्वितीय श्रेणी, उपसचिवस्तरको पदबाट सोही सेवाको राजपत्रांकित प्रथम श्रेणीको सह-सचिवस्तरको पदमा बढुवा गरी यसै सचिवालयको सह-सचिव पदमा पदस्थापन गरिएको छ।

| क्र.सं. | पद | नाम, थर | बढुवा भएको पद |
|---|---|---|---|
| १. | उपसचिव | श्री राधेश्याम भट्टराई | सह-सचिव |
| २. | उपसचिव | श्री चक्रानन्दराज वैद्य | सह-सचिव |

आज्ञाले,
जीवनलाल सत्याल
महासचिव

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल राजपत्र भाग ३, खण्ड ४२, संख्या ७ मिति २०४६।२।१२ को यस मन्त्रालयको सूचना बमोजिम नेपालगन्ज राजस्व न्यायाधिकरणको सदरमुकाम सुर्खेत तोकिएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ (२) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपालगन्ज राजस्व न्यायाधिकरणको सदरमुकाम सुर्खेतको सट्टा नेपालगन्ज तोकिदिएको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

208



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४९।३।१५ को निर्णयानुसार देहायबमोजिम जल तथा शक्ति आयोगको गठन गरेको र त्यसको काम, कर्तव्य, अधिकार तथा कार्यविधि देहायबमोजिम हुने गरी तोकिएको छ।

| | |
|---|---|
| १. माननीय श्री जलस्रोत मन्त्री / राज्यमन्त्री | – अध्यक्ष |
| २. श्री सचिव, जलस्रोत मन्त्रालय | – सदस्य |
| ३. श्री सदस्य–सचिव, राष्ट्रिय योजना आयोग | – सदस्य |
| ४. श्री सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| ५. श्री सचिव, परराष्ट्र मन्त्रालय | – सदस्य |
| ६. श्री सचिव, कृषि मन्त्रालय | – सदस्य |
| ७. श्री सचिव, वन तथा वातावरण मन्त्रालय | – सदस्य |
| ८. गैर सरकारी क्षेत्रबाट ख्याती प्राप्त जलस्रोत / उर्जा विशेषज्ञ मध्येबाट २ जना | – सदस्य |
| ९. श्री कार्यकारिणी सचिव, जल तथा शक्ति आयोगको सचिवालय | – सदस्य-सचिव |

नोटः

१. आयोगको बैठकमा छलफल हुने विषय वस्तुसित सम्बन्धित मन्त्रालयका सचिव एवं अन्य सरकारी निकायका उच्च पदाधिकारीहरूलाई आवश्यकता अनुसार आयोगको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

२. आयोगको बैठकमा सदस्य स्वयं उपस्थित हुनु पर्नेछ। कथंकदाचित उपस्थित हुन नसक्ने भएमा मात्र श्री ५ को सरकारको सचिव पदेन सदस्य भएको हकमा अतिरिक्ति सचिव तहको प्रतिनिधि पठाउन सकिनेछ।

३. निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने सदस्यको पदावधि २ बर्षको हुनेछ।

(ख) जल तथा शक्ति आयोगको काम, कर्तव्यः–

आयोगले देशमा विद्यमान जलस्रोत र शक्तिको विकासको लागि त्यसको विविध पक्षमा श्री ५ को सरकार जलस्रोत मन्त्रालय लगायत सम्बन्धित निकायहरूलाई नीति निर्माण र परियोजना कार्यान्वयनका क्षेत्रमा सल्लाह सुझाव दिनेछ। त्यस्तो सल्लाह सुझाव दिनका लागि आयोगले आवश्यक सबै र खास गरी देहायबमोजिमका कामहरू गर्नेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. देशमा विद्यमान जल तथा शक्ति स्रोतको सर्वेक्षण र अन्वेषण गर्ने गराउने र त्यस्तो सर्वेक्षण र अन्वेषणको काममा सामञ्जस्य ल्याउने ।

२. देशको जल तथा शक्तिको सम्पूर्ण आवश्यकता (तत्कालीन र भविष्यको समेत) को अध्ययन गर्ने गराउने ।

३. देशको जल तथा शक्तिको स्रोतको संरक्षण, विकास तथा विभिन्न लाभदायक उपयोगको कार्यक्रम तयार गर्ने गराउने ।

४. जल तथा शक्ति विकाससम्बन्धी दीर्घकालीन वा अल्पकालीन नीति तर्जुमा गर्ने र सोही अनुरूप कार्यान्वियन गर्न आवश्यक कार्यक्रम, योजना वा परियोजनाहरूको परिमार्जन, तयारी तथा समन्वय गर्ने गराउने ।

५. जल तथा शक्ति विकासको लागि द्विपक्षीय वा वहुपक्षीय रूपमा भइरहेको अन्तर्राष्ट्रिय प्रयास एवं सन्धि सम्झौताहरू र राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको अध्ययन विश्लेषण गर्ने । जल तथा शक्ति विकाससित सम्बन्धित कानूनी समस्याहरूको समाधानको लागि आवश्यक सल्लाह सुझाव दिने ।

६. जल तथा शक्तिको विकाससित सम्बन्धित आवश्यक कानून तर्जुमा गर्ने ।

७. जल तथा शक्तिको विकाससित सम्बन्धित द्विपक्षीय वा वहुक्षीय आयोजनाहरूको सम्बन्धमा विश्लेषणात्मक अध्ययन गर्ने र सो सम्बन्धमा नीति तर्जुमा गर्ने ।

८. जल तथा शक्ति आयोजनाहरूको बारेमा तयार गरिएका प्रतिवेदनहरूको अध्ययन गरी राय सुझाव दिने ।

९. जल तथा शक्तिको विकाससंग सम्बन्धित विभिन्न वातावरणीय सामाजिक, आर्थिक प्रभावहरूको अध्ययन, मूल्यांकन र विश्लेषण गरी गराइ सो अनुरूप परियोजनाहरूको परिमार्जन गर्न गराउन सुझाव दिने ।

१०. जलस्रोत मन्त्रालयको साथै जल तथा शक्तिसित सम्बन्धित श्री ५ सरकारका अन्य निकायहरूलाई आवश्यक राय सल्लाह दिने ।

(ग) आयोगको सचिवालयको कार्यविधि निम्न प्रकार हुनेछः

१. जल तथा शक्तिको विकाससित सम्बन्धित विषयहरूमा श्री ५ को सरकारको सम्बन्धित निकायहरूले अनुसरण गर्नु पर्ने नीति, निर्देशिकाहरू आयोगले तयार गरी उपलब्ध गराउने ।

२. जल तथा शक्तिसित सम्बन्धित मझौला र ठूला परियोजनाहरूको सम्बन्धमा श्री ५ को सरकारको सम्बन्धित निकायहरूलाई सल्लाह सुझाव दिने ।



२१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. जल तथा शक्तिसित सम्बन्धित विषयहरूको सूचना तथा तथ्यांक संकलन गर्ने। बखत बखतमा सो विषयहरुमा हुने छलफलमा भाग लिन श्री ५ को सरकारको सम्बन्धित निकायहरू तथा सम्बन्धित गैर सरकारी व्यक्तिहरूलाई निमन्त्रणा गर्ने।

४. आयोगबाट तैयार गरिने अध्ययन प्रतिवेदनहरू एवं संकलन गरिने तथ्याङ्कहरू आवश्यकता तथा औचित्यताको आधारमा सम्बन्धित सबैलाई उपलब्ध गराउने।

५. स्वदेश र विदेशका सरकारी एवं गैर सरकारी निकायहरूबाट प्रकाशित हुने जल तथा शक्तिसित सम्बन्धित अध्ययन प्रतिवेदन, पुस्तक, पुस्तिका, जोर्नल एवं प्रकाशनहरू संलग्न गरी सन्दर्भ पुस्तकालयको संचालन गर्ने।

६. आयोगको निर्णयहरूको कार्यान्वयन एवं दैनिक कार्य संचालन आयोगको सचिवालयबाट हुने।

मिति २०३२।१२।९ तथा २०३३।८।१४ को नेपाल राजपत्रमा प्रकाशित तत्कालीन जल तथा विद्युत मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
गौरीनाथ रिमाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा ( ) को खण्ड (ग) बमोजिम प्रेस काउन्सिलको सदस्यमा मनोनयन हुनु भएका राष्ट्रिय सभाका सदस्य मा. श्री दिलिपकुमार शाही राष्ट्रिय सभाको उपाध्यक्ष पदमा नियुक्ति हुनु भै रिक्त हुन आएको उक्त सदस्य पदमा राष्ट्रिय सभाका मा. सदस्य श्री सुरेश मल्ललाई २०४९।३।२१ देखि बाँकी अवधिको लागि मनोनित गरेको छ।

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

२९१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

292

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।